**प्रस्तावहरु:**

२०८२/०८३-१०।०१ अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन समिक्षा सम्बन्धमा

२०८२/०८३-१०।०२ गाउँपालिकाबाट नागरिकलाइ उपलब्ध गराउने सेवा प्रवाह प्रभावकारीता वढाउने सम्बन्धमा ।

२०८२/०८३-१०।०३ संघ, प्रदेश लगायतका अन्य कार्यालयहरुबाट प्राप्त पत्र, निर्देशन, सूचना तथा यस कार्यालयबाट भए, गरेका कार्यहरुको जानकारी सम्बन्धमा ।

२०८२/०८३-१०।०४ गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधि/कर्मचारीहरु उपस्थित भएको कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान सम्बन्धमा ।

२०८२/०८३-१०।०५ रूपा गाउँपालिका कास्कीको स्थापना दिवस सम्बन्धमा ।

२०८२/०८३-१०।०६ प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ सम्बन्धमा।

२०८२/०८३-१०।०७ दहत्तर बहत्तर सम्बन्धमा ।

२०८२/०८३-१०।०८ गण्डकी प्रदेशसँग आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि बिशेष र समपुरक योजना/कार्यक्रमको प्रस्ताव पेस गर्ने सम्बन्धमा ।

२०८२/०८३-१०।०९ विविध सम्बन्धमा ।

खर्च अनुमोदन/भुक्तानी सम्बन्धमा ।

आर्थिक सहायता सम्बन्धमा ।

**निर्णयहरुः**

**कार्यपालिका निर्णय नं २०८२/०८३-१०।०१**

प्रस्ताव नं २०८२/०८३-१०।०१ उपर छलफल गर्दा १७७औं कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था बारेमा छलफल गरी समिक्षा गरियो ।

**कार्यपालिका निर्णय नं २०८२/०८३-१०।०२**

प्रस्ताव नं २०८२/०८३-१०।०२ उपर छलफल गर्दा गाउँपालिकाबाट नागरिकलाई उपलब्ध गराउदै आएको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाई सक्रिय बनाई जनगुनासोका विषयलाई सम्बोधन गरी सेवा प्रवाह प्रणालीलाई थप परिष्कृत गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८२/०८३-१०।०३**

प्रस्ताव नं २०८२/०८३-१०।०३ उपर छलफल गर्दा सम्बन्धित संघ, प्रदेश तथा अन्य निकायहरुबाट प्राप्त पत्र तथा निर्देशनहरु र कार्यालयमा भए, गरेका कार्यहरुको बारेमा जानकारी गरियो ।

**कार्यपालिका निर्णय नं २०८२/०८३-१०।०४**

प्रस्ताव नं २०८२/०८३-१०।०४ उपर छलफल गर्दा गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु उपस्थित भएका तथा यस गाउँपालिकामा भए गरेका कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान गरियो।

**कार्यपालिका निर्णय नं २०८२/०८३-१०।०५**

प्रस्ताव नं २०८२/०८३-१०।०५ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

तपसिलः

क) रूपा गाउँपालिका कास्कीको स्थापना दिवसको पावन अवसरमा विगतका वर्षहरूका जस्तै यस वर्ष पनि मिति २०८२/११/२६ देखि सञ्चालन हुने गरी अध्यक्ष कप वडास्तरीय खुला पुरूष भलिबल प्रतियोगिता, माविस्तरीय वक्तृत्वकला, प्रावि स्तरीय हिज्जे प्रतियोगिता, महिला डोरी तान्ने प्रतियोगिता लगायतका विभिन्न कार्यक्रमहरू सहित मुल समारोह सञ्चालन गर्ने र सो को लागि तपसिल बमोजिम उपसमिति गठन तथा पुरस्कारको प्रदान गर्ने। उक्त कार्यक्रम मिति २०८२/११/२६गते औपचारिक उद्घाटन गरी कार्यक्रमको मुख्य समारोह २०८२/११/२७ गते भव्य कार्यक्रमका साथ सम्पन्न गरिने र सो को लागि तपसिलका समिति गठन गर्ने निर्णय गरियो ।

**१) मूल आयोजक समितिः**

| | |
|---|---|
| लालसुब्बा गुरूङ्ग | संयोजक |
| कार्यपालिका सदस्य सबै | सदस्य |
| अमरराज पगेनी | सदस्य |
| अशोक परियार | सदस्य-सचिव |

**२) <u>मञ्च व्यबस्थापनः-</u>**

| | |
|---|---|
| नारायण गुरूङ | संयोजक |
| हिता रूपाखेती | सदस्य |
| रामकृष्ण बसौला | सदस्य |
| खिमाया परियार | सदस्य |
| प्रकाश धानुक | सदस्य |
| प्रल्हाद घर्ती | सदस्य |
| राजु पौडेल | सदस्य-सचिव |

**३) <u>अतिथि सत्कार तथा स्वागतः-</u>**

| | |
|---|---|
| सरिता सुनार | संयोजक |
| बुद्धिमाया गुरूङ | सदस्य |
| अनिता राना | सदस्य |
| रामकृष्ण माल | सदस्य |
| शनिशरा वि.क | सदस्य |
| सरस्वती पगेनी | सदस्य |
| यमुना ढकाल | सदस्य-सचिव |

**४) <u>भलिवल खेल सञ्चालन समितिः-</u>**

| | |
|---|---|
| राम बहादुर गोदार | संयोजक |
| रमेश बहादुर बोटे | सदस्य |
| रामबाबु खनाल | सदस्य |

रूपा गाउँपालिका कास्की

| | |
|---|---|
| रामकृष्ण माल | सदस्य |
| शुस्मिता बिक | सदस्य |
| राजेश शाही | सदस्य |
| सुन्दर श्रेष्ठ | सदस्य |
| अशोक परियार | सदस्य-सचिव |

**५) <u>खाजा व्यबस्थापनः-</u>**

| | |
|---|---|
| दिपेन्द्र गौतम | संयोजक |
| रामबाबु सुवेदी | सदस्य |
| माया वि क | सदस्य |
| दामोदर भट्टराई | सदस्य |
| राजेन्द्र न्यौपाने | सदस्य |
| इश्वरी सुवेदी | सदस्य |
| गणेश भक्त त्रिपाठी | सदस्य-सचिव |

**६) <u>स्वयं सेवक परिचालनः-</u>**

| | |
|---|---|
| राजन खनाल | संयोजक |
| बुद्धी बहादुर गुरूङ | सदस्य |
| फुल कुमार थापा | सदस्य |
| राजेश शाही | सदस्य |
| रामचन्द्र ओझा | सदस्य |
| फारूक दिन मियाँ | सदस्य |
| संजय दत्त ढकाल | सदस्य-सचिव |

**७) डोरी तान्ने प्रतियोगिता (महिला)**

| | |
|---|---|
| संयोजक: कुमारी गुरुङ | संयोजक |
| हिता कुमारी रूपाखेती | सदस्य |
| कृष्ण कुमारी घर्ती | सदस्य |
| सरिता सुनार | सदस्य |
| सविता पौडेल | सदस्य सचिव |

**८) पुरस्कार व्यवस्थापनः-**

| | |
|---|---|
| राजन सुवेदी | संयोजक |
| कृष्ण कुमारी घर्ती | सदस्य |
| मोहन सापकोटा | सदस्य |
| लक्ष्मण पगेनी | सदस्य |
| अभिनव गौतम | सदस्य-सचिव |

**९) मावि स्तरीय वक्तृत्वकला तथा हिज्जे प्रतियोगिता**

| | |
|---|---|
| कृष्ण राज सुवेदी | संयोजक |
| कुमारी गुरुङ | सदस्य |
| मोहन सापकोटा | सदस्य |

रुपा गाउँपालिका कास्की

बाबुराम गैह्रे सदस्य सचिव

**ख) स्थापना दिवस कार्यक्रम संचालनका लागि पुरस्कार र नियमहरुः-**

**वडा स्तरीय भलिवल तर्फः- (रुपा गाउँपालिका स्तरीय)**

१) प्रथम पुरस्कारः- ५५,५५५।- ट्रफि, मेडल र प्रमाणपत्र

२) द्वितिय पुरस्कारः- ३३,३३३।- ट्रफि, मेडल र प्रमाणपत्र

३) तृतिय पुरस्कारः- २२,२२२।- ट्रफि, मेडल र प्रमाणपत्र

**उत्कृष्ट खेल प्रदर्शन तर्फः-**

१) वेष्ट प्लेयरः- ३,०००।- ट्रफि, र प्रमाणपत्र

२) बेस्ट सेटरः- रू.२०००।– ट्रफि र प्रमाणपत्र

३) बेस्ट स्पाइकरः- रू.१०००।– ट्रफि र प्रमाणपत्र

**नियमहरुः-**

१) टिम दर्ता मिति २०८२।११।२२ देखि २०८२।११।२५ गते दिउँसो १२ बजे सम्म गरिसक्नु पर्नेछ।

२) खेल अन्तराष्ट्रिय) FIVB( भलिवल खेलको नियमानुसार खेलाईनेछ ।

३) खेलाडी संख्या १२ जना, १ जना टिम प्रशिक्षक र १ जना टिम व्यवस्थापक गरि १४ जना हुनुपर्नेछ।

४) खेलाडीको नम्बर अंकित गरिएको पोशाक अनिवार्य गरिएको छ ।

५) खेलमा हाल कायम भएको नयाँ वडाका खेलाडीहरु समावेश हुन पाउनेछन् । सम्बन्धित वडा भन्दा बाहिरका खेलाडीहरु समावेश गर्न पाईनेछैन ।

६) सम्बन्धित वडाका बाहेक बाहिरका खेलाडी समावेश भएमा सो को उजुरी (Protest) दिनु परेमा खेल सकिएको ३० मिनेट भित्र (Protest) शुल्क रु.३०००। -सहित निवेदन पेश गर्नुपर्नेछ । (Protest) सदर भएमा ५० %फिर्ता हुनेछ ।

७) सहभागी खेलाडीहरुले सम्बन्धित वडाबाट अनिवार्य रुपमा फोटो टाँस गरि उपलब्ध गराईएको फारम प्रमाणित गराई बुझाउनु पर्नेछ ।साथै खेलाडीहरुले सम्बन्धित वडाको नागरिकता, जन्मदर्ता र बसाईसराई समेत उपलब्ध गराउनु पर्नेछ ।

८) खेलमा कुनै विवाद आएमा खेलकुद समिति र आयोजकको निर्णय नै अन्तिम निर्णय हुनेछ । खेल तालिका मिति २०८२/११/२५ गते दिउँसो २:०० बजे गोलाप्रथाको माध्ययमद्धारा सार्वजनिक गरिनेछ ।

**मा.वि .स्तरीय वक्तृत्वकला प्रतियोगिता तर्फः-**

१) प्रथम पुरस्कारः- १०,०००।- प्रमाणपत्र

२) द्वितिय पुरस्कारः- ६,०००।- प्रमाणपत्र

३) तृतिय पुरस्कारः- ४,०००।— प्रमाणपत्र

**प्रावि स्तरीय हिज्जे प्रतियोगिता**

१) प्रथम पुरस्कारः- ३,०००।- प्रमाणपत्र

२) द्वितिय पुरस्कारः- २,०००।- प्रमाणपत्र

३) तृतिय पुरस्कारः- १,०००।— प्रमाणपत्र

४) सान्त्वना पुरस्कारः- ५,००।— प्रमाणपत्र

<u>नियमहरुः-</u>

१. प्रतियोगिले <u>"रूपाको पहिचानः सबै क्षेत्रमा समृद्धिको अभियान"</u> शिर्षकमा आफ्नो प्रस्तुति प्रस्तुत गर्नुपर्नेछ। प्रतियोगीले सभ्य र मर्यादित भाषा प्रयोग गर्नुपर्नेछ।

२. प्रत्येक प्रतियोगीलाई अधिकतम ५ मिनेट समय प्रदान गरिनेछ । ४ मिनेट पुगेपछि पहिलो घण्टी र ५ मिनेट पुगेपछि अन्तिम घण्टी बजाइनेछ । समय सीमा नाघेमा अतिरिक्त समय अनुसार अंक कट्टा गरिनेछ।

३. कुनै पनि व्यक्ति, समुदाय वा संस्थाप्रति अपमानजनक अभिव्यक्ति प्रयोग गर्न पाइने छैन।

४. मोबाइल, कागज वा अन्य सहायक सामग्री प्रयोग गर्न पाईनेछैन।

५. निर्णायकको निर्णय अन्तिम हुनेछ।

**<u>डोरितान्ने प्रतियोगिता तर्फ (महिलाहरुको लागि मात्र)-</u>**

१) प्रथम पुरस्कारः- १५,०००।- प्रमाणपत्र

२) द्वितिय पुरस्कारः- १०,०००।- प्रमाणपत्र

३) तृतिय पुरस्कारः- ५,०००।- प्रमाणपत्र

<u>नियमहरुः-</u>

१. प्रत्येक टोलीमा १० जना खेलाडी अनिवार्य हुनुपर्नेछ। रुपा गाउँपालिका निवासी खुल्ला रुपमा टोलि निर्माण गरि सहभागी हुन पाईनेछ ।

२. प्रत्येक राउण्ड अधिकतम ३ मिनेटसम्म चल्नेछ । ३ मिनेटभित्र कुनै टोलीले स्पष्ट रूपमा जित हासिल नगरेमा निर्णायकले निर्णय गर्नेछ।

३. खेलमा विवाद आएमा आयोजक समितिको निर्णय नै अन्तिम निर्णय हुनेछ।

**ग) अन्य व्यवस्थापन**

१. भलिवल खेलमा समावेश हुने प्रत्येक वडाका खेलाडी समुहलाई जर्सी सेट (१२ थान) हाफ टिसर्ट, कट्टु, टिम कोच र टिम मेनेजरलाई १/१ थान हाफ टिसर्ट प्रदान गर्ने ।

२. अफिसियल रेफ्रीहरुलाई १/१ थान टिसर्ट प्रदान गर्ने ।

३. अफिसियल रेफ्रिहरुलाई बढीमा ३५००।- र अफिसियल व्यवस्थापकहरुलाई १५००।- करकट्टी गरी प्रदान गर्ने ।

४. भलिवल प्रतियोगितामा समावेश हुने खेलाडी समुहलाई खाजा खर्च वापत रु.३०००।- प्रदान गर्ने।

५. महिलाहरुको डोरितान्ने प्रतियोगितामा सहभागी हुने समुहहरुलाई खाजा खर्च वापत प्रति समुह रु. २०००।- प्रदान गर्ने

६. कार्यक्रम आमन्त्रित अतिथी सहभागीहरुलाई खाना खाजा प्रदान गर्ने ।

**<u>कार्यपालिका निर्णय नं २०८२/०८३-१०।०६</u>**

प्रस्ताव नं २०८२/०८३-१०।०६ उपर छलफल गर्दा आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ को लागि स्वस्छ, निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गर्नका लागि यस गाउँपालिकाको तर्फबाट आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने निर्णय गरियो ।

रुपा गाउँपालिका कास्की

**कार्यपालिका निर्णय नं २०८२/०८३-१०|०७**

प्रस्ताव नं २०८२/०८३-१०|०७ उपर छलफल गर्दा रूपा गाउँपालिका वडा नं ३ स्थित मादी नदीको खाल्टे दोभान घाट ठेक्का नं 4/RUPA/REVENUE/2082/2083, ( Extraction and Selling of River Bed Materials (Sand, aggregate, and stone) from Madi nadi Khalte Dovan Ghat ) मा रहेका नदीजन्य पदार्थको उत्खनन्, विक्री वितरणका लागि मिति २०८२/०८/२३मा प्रथम पटक र मिति २०८२/०९/२४ मा दोस्रोपटक आय ठेक्का आह्वान गरिएकोमा तोकिएको अवधिमा उक्त ठेक्कामा कुनैपनि आवेदन पेस नभएकाले पूनः ठेक्का आह्वान गर्ने निर्णय गरियो।यदि तेस्रो आय ठेक्कामा आवेदन पेस नभएमा IEE प्रतिवेदन अनुसारको परिणामका आधारमा गण्डकी प्रदेश आर्थिक ऐन २०८२ अनुसार चालु आर्थिक वर्ष २०८२/०८३ को लागि स्वीकृत दररेट नघट्ने र सम्बन्धित वडाबाटै कर्मचारी ब्यबस्थापन गरी उत्खनन् सङ्कलन तथा बिक्री बितरण गर्ने ।सोको लागी उपयुक्त कर्मचारी छनौट गरी पारिश्रमिकको हकमा चौथो तहको सुरू तलबस्केलमा नबढ्नेगरी भुक्तानी हुनेगरी कर्मचारी ब्यबस्था गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८२/०८३-१०|०८**

प्रस्ताव नं २०८२/०८३-१०|०८ उपर छलफल गर्दा प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ बमोजिम गण्डकी प्रदेशद्वारा स्थानीय तहलाई प्रदान गरिने वित्तीय हस्तान्तरण अन्तर्गत आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि विशेष र समपूरक अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रम “बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि २०८१” बमोजिम यस गाउँपालिकामा आर्थिक वर्ष २०८३/०८४ मा कार्यान्यन हुनेगरी प्रदेश सरकारसँग तपसिलका समपुरक र विशेष योजना/कार्यक्रमहरूको प्रस्ताव पेस गर्ने निर्णय गरियो ।

**तपसिलः**

| क स | माग गर्ने निकाय | अनुदानको प्रकृति | योजना/कार्यक्रमको नाम ठेगाना | अनुमानित रकम | कै |
|---|---|---|---|---|---|
| १ | गण्डकी प्रदेश सरकार | समपुरक | धारापानी, निवुँवास्वारा, पोल्याङ मोटरबाटो रूपा ३ र ४ | २ करोड | |
| २ | | विशेष | व्यावसायिक साईलेज उत्पादन तथा उद्योग स्थापना रूपा गाउँपालिका | ६६ लाख | |

साथैं आर्थिक वर्ष २०८३/०८४ को लागि उल्लिखित समपुरक योजना सञ्चालनमा लाग्ने कुल लागत अनुमान मध्ये अनुसूची ३(क) बमोजिमको लागत साझेदारी बापत बजेट/स्रोत सुनिश्चितता आगामी गाउँसभाबाट हुने प्रतिवद्धता गरियो ।

**कार्यपालिका निर्णय नं २०८२/०८३-१०|०९**

प्रस्ताव नं २०८२/०८३-१०|०९ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

क) रूपा गाउँपालिका वडा नं १ निवासी भक्त बहादुर आलेको छोरा आश बहादुर आलेको टाउकोमा गहिरो चोट लागि चरक मेमोरियल अस्पताल पोखरामा लामो समयदेखि उपचाररत रहेको र निजको आर्थिक अवस्था अत्यन्तै कमजोर भइ उपचारका लागि खर्च गर्न नसक्ने

भनी आर्थिक सहायताका लागि वडाको सिफारिस सहित निवेदन पेस गरेकाले बिल, भरपाई लगायत संलग्न कागजातहरूका आधारमा निजको सहोदर दाजु सोमत आलेको खातामा १ लाख नबढ्नेगरी आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

ख) रूपा गाउँपालिका कास्कीमा आर्थिक वर्ष २०८२।०८३ मा रोजगार सेवा केन्द्र मार्फत सञ्चालन हुने रोजगार प्रवर्धन कार्यक्रममा १०० दिन रोजगारमा संलग्न भइ सामाजिक विकास निर्माण कार्यमा योगदान गर्न चाहने सामाजिक आर्थिक अवस्थाबाट वञ्चित भएका दलित महिला आदिवासी जनजाती सिमान्तकृत न्युन आय भएका तथा पछाडि परेका १८ देखि ५९ उमेर समूहका व्यक्तिलाई बेरोजगार सूचीमा सूचीकृत हुनका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

ग) रूपा गाउँपालिका वडा नं ७ र ५ स्थित आर्थिक वर्ष २०८२/०८३ का लागि संघीय समपुरक अनुदान अन्तर्गत स्याक्लुङकोट-रामकोट-काउनेपोखरी-रामदी सडकको स्तरोन्नती कार्यको बहुबर्षीय परियोजना स्वीकृत भएकाले सो परियोजना सञ्चालनार्थ सम्झौताको GCC 1.1 (bb) र 10.1 बमोजिम यस कार्यालयमा अधिकृत सातौ तह इन्जिनियर पदमा कार्यरत अभिनव गौतमलाई प्रोजेक्ट म्यानेजरको जिम्मेवारी तोक्ने निर्णय गरियो ।

मिति २०८२ फागुन १२ गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...

(विष्णु प्रसाद पौडेल)
प्रमुख प्रशासकीय अधिकृत
रुपा गाउँपालिका कास्की

रूपा गाउँ